जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १६६ २०८१ साल माघ १६ गते बुधबार (29 Jan. 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुंदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : चुरे समिति खारेजी : छलफल ... ३ पृष्ठमा : मधेशको समृद्धि: चुरे संरक्षणमा ... ३ पृष्ठमा : टिकटक अधिग्रहण ...

# विवाह दर्ता र नागरिकता बनाईदिन आग्रह गर्दा पतिद्वारा फोनबाटै 'तलाक'

**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ ब्रह्मपुर सिधिंया टोल बस्ने एक मुश्लिम महिलाले विवाह दर्ता र नागरिकता बनाईदिन आग्रह गर्दा पतिले फोनबाटै तलाक दिएको गुनासो गरेकी छिन् ।

डेढ वर्षिय छोरासहित मंगलबार राजविराज पुगेकी २२ वर्षिया सनिजा खातुनले पत्रकार सम्मेलनमार्फत यस्तो गुनासो गरेकी हुन । डेढ वर्षअघि बैदेशिक रोजगारीका लागि कतार गएका उनका पति मो. आकुबले फोनबाटै तलाक दिएको बताइन् ।

उनका पति आकुबलाई नन्दले झुटो कुरा पुर्‍याएर तलाकको अवस्थामा पुर्‍याई दिएको उनको आरोप छ ।

उनले बिबाहको तीन वर्ष हुन लाग्दा पनि पति आकुबले विवाह दर्ता र नागरिकता नबनाई दिएको र सो बनाईदिन आग्रह गर्दा "किन हतार गरेको" भन्दै रिसाउने गरेको बताईन ।



पतिले फोनबाटै तलाक दिएपछी बिचल्लीमा परेकी २२ वर्षिया सनिजा खातुन आफ्ना डेढ वर्षिय छोरा फैजानका साथमा ।

*तस्बिर : राजविराज दैनिक*

डेढ वर्षदेखी कतारमा रहेका पतिलाई नन्द मरियम खातुनले मेरो बारेमा झुटो कुरा लगाई भड्काएको र अन्त्यमा उनले ५ महिना अघि फोनबाटै तलाक दिएपछि आफु बिच्चलीमा परेको सनिजाले सुनाइन ।

गत मंसिर १९ गते राती आफु गाउँको एक बैबाहिक कार्यक्रममा सरिक हुन गएका बेला नन्द मरियमले कोठामा रहेको दराजबाट सुनको सिक्रि, टिका, नथुनी, अंगुठी गरी करिब ५ तोला र चाँदीको १० तोलाको बिभिन्न गरगहना चोरी गरी लगेको आरोप समेत उनले लगाएकी छिन ।

आफु बिरुद्ध नन्द मरियमले समय-समयमा झुटो कुरा लगाएर पतिलाई भड्काउने र अन्त्यमा फोनबाटै तलाक दिदा आफु घरकी न घाटकी भएको उनको कथन छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# सबैले देशको लागि सोच्नै पर्छ : महाबीर पुन



**सतिश कुमार**
**राजविराज, १५ माघ ।**

देशको बिकास गर्नु राज्यको मात्रै होइन नागरिकको पनि दायित्व हो, हामी सबैले देशको लागि सोच्नु पर्छ। उक्त कथन नेपालकै लब्ध प्रतिष्ठित बैज्ञानिक महाबीर पुनको हो ।

राजबिराज नगरपालिकाले मंगलबार आयोजना गरेको सम्मान कार्यक्रममा पुनले सरकारले चासो नदिए पछि बिरगञ्ज कृषि औजार कारखाना सञ्चालनका लागि मैले आफ्नै स्तरबाट प्रयास थालेको छु भन्दै पुनले यसै कार्यको लागि मैले मेरै आत्मकथा लेखेर अहिले देश भरि नै घुमेर बिक्री गर्ने अभियान थालेको बताएका छन ।

४०औं जिल्लाको रुपमा सप्तरी आइपुगेको र यहाँ

*बाँकी तीन पृष्ठमा*

# मेलमिलाप मार्फत मुद्दा टुंग्याउँदा दुबै पक्षलाई राहत मिल्ने : मुख्य न्यायाधिश ज्ञवाली




**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ ।**

उच्च अदालत जनकपुर-राजबिराज इजलाशका मुख्य न्यायाधिश बामदेब ज्ञवालीले स-साना मुद्दामा पनि लामो समय अदालतमा धाउनु पर्ने, बढी खर्च व्यहोर्नु पर्ने, ऋण काढेर पनि मुद्दा लड्नु पर्ने अवस्थालाई मेलमिलाप मार्फत टुंग्याउँदा दुबै पक्षलाई राहत मिल्ने बताएका छन् ।

उच्च अदालत जनकपुर-राजबिराज इजलाशको मेलमिलाप केन्द्रबाट तीन बर्षदेखी चल्दै आएको जग्गा अंश मुद्दामा मंगलबार मेलमिलाप मार्फत टुंगो लगाइएपछि मुख्य न्यायाधिश ज्ञवालीले सो कुरा बताएका हुन् ।

सर्वोच्च अदालतको पनि इजलाशबाट मुद्दाको फैसला भन्दा मेलमिलापबाटै समाधान होस् भन्ने मनसाय रहेको बताउँदै उनले तीन वर्षदेखी मुद्दामा रहेका दुबै पक्ष मेलमिलापबाट सन्तुष्ट हुंदा आफूलाई पनि खुशी लागेको बताए ।

उनले मेलमिलापबाट मुद्दाको समाधान भए समय र रकम दुबैको बचत हुने भन्दै मेलमिलापबाटै समाधान खोज्न आमनागरिक सँग आग्रह समेत गरेका छन् ।

उच्च अदालतले दिएको जानकारी अनुसार सप्तरीको शम्भुनाथ नगरपालिका ९ का रुपलाल चौधरी, मनोज चौधरी तथा सप्तकोशी नगरपालिका ७ ओद्राहाका शिवनाथ चौधरी, अमलबत्ति चौधरी, रामानन्द चौधरी र निलम चौधरीबीच चल्दै आएको अंश मुद्दा २०७९ साल चैत २७ गते सप्तरी जिल्ला अदालत पुगेको थियो ।

त्यहा बिवाद नटुंगइएपछी २०८० भदौं २९ गते उक्त मुद्दा उच्च जनकपुर-राजविराज इजलाश समक्ष पुगेको थियो ।

*बाँकी अन्तिम पृष्ठमा*

**भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!**

**श्री पञ्चमी (सरस्वती पूजा) २०८१ को पावन अवसरमा**

**शैक्षिक सत्र २०८२ का लागि प्ले-ग्रूप देखि कक्षा ७ सम्म धमाधम भर्ना लिईदैछ।**

**डे बोडर्स र बोडर्सको समेत व्यवस्था भएको**

**श्री पञ्चमी को पावन अवसरमा सरस्वती पूजाको दिन निशुल्क भर्ना लिइदैछ ।**

**St. Xavier's School**

**राजविराज ८, मदननगर-पर्साही जाने बाटो**

**सर्म्पक नं. ९८०४७३८१९९, ९८१७७२६२२६, ९८१४७६५१२२, ९८१९९६९२६३, ९८१८०२५११६**

**वायु प्रदुषणबाट बचौं र बचाऔं**

- वायु प्रदुषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरबाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- सवारी साधनको सकेसम्म कम प्रयोग गरौं,
- रुख बिरुवा रोपौं र हरियाली बढाऔं,
- दाउरा र कोइलाको सट्टा नविकरणीय उर्जाको प्रयोग गरौं,
- सडक र निर्माणस्थलबाट निस्कने धुलो व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परिक्षण गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कारागारको समस्याप्रति गम्भिर बनौं

राजविराज कारागार नेपालकै पुरानो मध्ये एक हो। अहिले सो कारागार समस्यै समस्यामा अल्झिएको छ। कारागारको जग्गा अतिक्रमणदेखी जिर्ण भवन, त्यस वरिपरि फोहरको थुप्रो तथा क्षमता भन्दा तेब्बर भन्दा पनि बढी कैदीबन्दीको चाप। यी समस्याले जकडिएको राजविराज कारागारको सुधारका लागि दशकौंदेखी पहल भइरहदा पनि अझै सुधारआउन सकेको छैन्। जिर्ण भवन र साँगुरो कोठाका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन्। एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा हाल ३ सय भन्दा बढी कैदीबन्दीहरु छन्।

यससहित कारागारकै जग्गा अतिक्रमित समेत हुन पुग्दा स्थानिय प्रशासनले केही कदम बढाएपनि त्यो फलदायी हुनसकिरहेको छैन्। आफ्नो जग्गा अतिक्रमण भएको विषयमा कुनै ठोस निर्णय समेत हुन सकेको छैन्। संघीय सरकारको निगरानीमा रहने यस कारागारको समस्याहरु स्थानियस्तरमा उठेपनि माथिल्लो माथिल्लो निकायसम्म पुग्न सकेको छैन्।

तसर्थ कारागारको समस्याप्रति स्थानीय प्रशासनदेखी माथिल्लो निकायसम्म गम्भिर हुनुका साथै समस्या समाधानका लागि एउटा ठोस पहल उत्तिकै आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# चुरे समिति खारेजी : छलफल गरी निर्णय लिनुपर्नेमा जोड

**प्रगति ढकाल**

काठमाडौं, १५ माघ (रासस)।

चुरे क्षेत्र संरक्षण गर्ने मुख्य अख्तियारी पाएको राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिको हालको संरचना खारेज गर्नेसम्बन्धमा सुझावसहितको प्रतिवेदन तयार भएको छ। वन तथा वातावरण मन्त्रालयले समितिको संरचना खारेज गरेर मन्त्रालयमा गाभ्ने तयारीका साथ प्रक्रिया अगाडि बढाएको भन्दै समितिले आपत्ति जनाएको छ।

समिति खारेजी गर्न खोजिएको भन्दै आलोचना बढिरहेको बेलामा मन्त्रालयले भने खारेजी नभएर पुनःसंरचना गर्ने विषयमा छलफल भएको स्पष्ट पारेको छ। वन तथा वातावरण मन्त्रालयले चुरेको विषयमा प्राविधिक प्रतिवेदन तयार गर्न भन्दै बनाएको समितिले हालको समिति खारेज गर्नुपर्ने र वन तथा वातावरणमन्त्री वा राज्यमन्त्रीको अध्यक्षतामा अन्य विज्ञहरू सदस्य रहनेगरी समितिको पुर्नगठन गर्नुपर्ने सुझाव दिएको छ।

मन्त्रालयका प्रशासन महाशाखा प्रमुख भुपाल बरालको संयोजकत्वमा गठन भएको उक्त समितिमा सदस्य सचिवमा शोभाकर रेग्मीका साथै सदस्यहरूमा मन्त्रालयका सहसचिव मेघनाथ काफ्ले, डा महेश्वर ढकाल, बद्रीराज ढुङ्गाना र तत्कालीन सहसचिव डा सिन्धु ढुङ्गाना रहनुभएको छ।

समितिका सदस्य सचिव शोभाकर रेग्मीले चुरे संरक्षणका लागि कुनै पनि बाधा नपुग्ने भन्दै हाल भएको संरचना परिवर्तन गर्ने सुझावसहितको प्रतिवेदन वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीलाई बुझाएको जानकारी दिनुभयो।

"अहिले भएको चुरे समितिको संरचना खर्चिलो भयो, स्रोत जुटाउन पनि समस्या भइरहेको छ। समितिमा पनि आपसी विवाद छ", उहाँले भन्नुभयो, "जुन मन्त्रालयअन्तर्गतको गठन आदेशअनुसार बनेको छ त्यही मन्त्रीको अध्यक्षतामा समिति रहनेगरी चुरे संरक्षणको कामलाई अझै दिगोपना बनाउन सुझावसहितको प्रतिवेदन मन्त्रीलाई पेस गरेका हौं। कार्यान्वयन हुने/नहुने यकिन भएको छैन।" रेग्मीले बोर्डमा सदस्य नियुक्त गर्दा सम्बन्धित विषयविज्ञलाई छनोट गर्नेगरी पुर्नगठन गर्ने विषय सुझाव पेस गरिएको बताउनुभयो।

वनमन्त्री शाहीले सुझाव पेस भएपछिका अन्य कुनै पनि प्रक्रिया अगाडि नबढेको बताउनुभयो। "समिति खारेज गर्न प्रधानमन्त्रीसँग छलफल गर्नुपर्नेमा हालसम्म कुनै छलफल नभएकाले कुनै प्रक्रिया अगाडि बढेको छैन", उहाँले भन्नुभयो, "हामी संरक्षण विरोधी होइनौं। प्रभावकारी रूपमा चुरे संरक्षणको गतिविधि अगाडि बढाउने गरी काम हुनेछ। समिति खारेजी हुने प्रक्रिया अहिलेको लागि अगाडि बढेको छैन।"

मन्त्रालयका सचिव डा दिपककुमार खरालले समिति खारेजीभन्दा पनि समितिमा प्रदेश र स्थानीय तहलाई पनि समावेश गरी चुरे संरक्षणका गतिविधिलाई थप प्रभावकारी रूपमा अगाडि बढाउन पुर्नसंरचना गर्ने विषयमा छलफल भएको जानकारी दिनुभयो।

"चुरे तराई मधेस क्षेत्रको संरक्षण र व्यवस्थापनलाई अझै प्रभावकारी बनाउन सबैतिरबाट महसुस भएअनुसार हालको समितिको काम, कारबाही, संरचना, कार्यक्षेत्र, कार्याधिकार, बजेट कार्यक्रम, गुरुयोजना, सङ्गठन व्यवस्था, कर्मचारी परिचालन, अन्तरप्रदेश समन्वय, समावेशिता विषयमा पुनरावलोकन र समीक्षा गरिएको हो", उहाँले भन्नुभयो। चुरे क्षेत्रको संरक्षणमा अग्रणी भूमिका निभाउने उच्चपदस्थ अधिकारीसहित अन्य केही व्यक्तिले समिति खारेज गर्न खोजिका भन्दै उहाँले सोबारे आपत्ति जनाउनुभयो।

पूर्वराष्ट्रपति डा रामवरण यादवले चुरे समिति खारेजी गर्ने विषयमा भइरहेको तयारी गलत रहेको प्रतिक्रिया दिनुभयो। "चुरे क्षेत्रको संरक्षणका लागि मेरो कार्यकालमा वैज्ञानिक तथा सरोकार भएकाहरूसँग धेरै छलफल गरेर समिति गठन भएको थियो", उहाँले भन्नुभयो, "अन्नको भण्डार चुरे बचाउने काममा बेवस्था गर्न हुँदैन। कानुन बनाएर समितिलाई छुट्टै स्वयत्त निकाय बनाउनु उपयुक्त हुन्छ। चुरेका वैज्ञानिकहरूको सहभागितामा समिति सञ्चालन गरौं।"

चुरे संरक्षणलाई प्राथमिकता नदिने हो भने चुरे क्षेत्रमा बसोबास गर्ने ५० प्रतिशतभन्दा बढी सर्वसाधारणको जीविकोपार्जनमा समस्या आउने पूर्वराष्ट्रपति यादवको भनाइ छ। अनियत्रित रूपमा सञ्चालन भइरहेका क्रसर उद्योग बन्द गर्नुपर्ने र चुरे संरक्षणलाई प्राथमिकता दिएर चुरेको जैविक विविधता संरक्षणमा ध्यान दिन आवश्यक रहेकामा उहाँले जोड दिनुभयो।

"नेपालको पहिचान बोकेको चुरे क्षेत्र संरक्षणको जिम्मेवारी लिएको समिति खारेजीको अपरिपक्क निर्णय गर्नुहुँदैन", पूर्वराष्ट्रपति यादवले भन्नुभयो, "यसो भएमा मानिसको जीवनयापनमा अस्तव्यस्त हुने खतरा हुन सक्छ। चुरेको संरक्षण हाम्रो पानीको, अन्न उत्पादनको र सुरक्षाका लागि जरुरी छ।"

उहाँकै सक्रियतामा चुरे कार्यक्रमलाई राष्ट्रिय गौरवको योजनाका रूपमा चुरे कार्यक्रम घोषणा गरिएको थियो। अहिले पनि यादव चुरे बचाउनुपर्छ भन्नेमा वकालत गर्दै आउनुभएको छ।

**अपरिपक्व नीतिगत निर्णय गर्नु हुँदैन: पूर्ववनमन्त्री आचार्य**

पूर्ववनमन्त्री महेश आचार्यले चुरे संरक्षणका लागि यसअघि प्रारम्भ गरिएका कानुनी र संस्थागत प्रबन्धलाई खारेज गर्न नहुने भन्दै समिति खारेजीका विषयमा निर्णय गर्नुअघि विज्ञसँग छलफल गर्न अनुरोध गर्नुभयो।

"मधेस क्षेत्रमा बसोबास गर्ने देशका करिब आधा जनसङ्ख्याको जीवन चुरेको सन्तुलित पारिस्थितिकीय प्रणालीमा निर्भर छ। चुरेले वर्षौंदेखि मानिसका लागि अन्न, पानी, काठ, दाउरा र वस्तुभाउलाई स्याउला, दुर्लभ पशुपक्षीलाई आश्रयस्थल र दैवी विपद्बाट सुरक्षा प्रदान गर्दै आएको छ। चुरेको पारिस्थितिक प्रणाली (इको सिष्टम) बिग्रँदा वा चुरे संरक्षण प्रयासमा शिथिलता आउँदा देशले अकल्पनीय क्षति बेहोर्नुपर्ने हुनसक्छ", उहाँले भन्नुभयो।

वैश्विक रूपमा जलवायु परिवर्तनले ल्याएको सङ्कटको गम्भीर दुष्परिणाम बढ्दो अनुपातमा बर्सेनि नेपालले भोग्नुपरेका बेला हामीले हाम्रा हिमाल, पहाड र चुरे मधेस क्षेत्रका संवेदनशील पारिस्थितिकीय प्रणालीलाई क्षति पुऱ्याउने गरी अपरिपक्व नीतिगत निर्णय गर्नु वातावरणीय अपराध हुने पूर्ववनमन्त्री आचार्यले धारणा राख्नुभयो। चुरे संरक्षणमा सरकारको प्रतिबद्धतामा कमी आउनु र प्राथमिकता घटेको सन्देश अन्तर्राष्ट्रियस्तरमा जानु देशका लागि ठूलो क्षति हुने उहाँको प्रतिक्रिया छ।

"वनसम्पदा र जैविक विविधता संरक्षणमा मुलुकले हासिल गरेका उपलब्धिका लागि अन्तर्राष्ट्रिय प्रशंसा तथा छिमेकी भारत र चीनसँग द्विपक्षीय साझेदारीका कैयन आयोजनाले, कार्बन व्यापारको विश्वव्यापी सञ्जालमा हाम्रो आबद्धता र इसिमोडमार्फत बहुपक्षीय सहकार्यले पर्यावरण संरक्षणमा नेपालको व्यक्तित्व र जिम्मेवारी वैश्विकस्तरको बनेको छ", उहाँले भन्नुभयो, "नेपालको यो परिचय र प्रयास गुम्नु हुँदैन। चुरेको अवैध दोहन र व्यापारबाट लाभ उठाउनेलाई मात्र संरक्षण अभियानमा आउने शिथिलताले फाइदा पुग्नेछ।"

आचार्य वनमन्त्री भएका समयमा उहाँकै सिफारिसबमोजिम २०७१ साल असार २ गते विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी 'राष्ट्रपति चुरे-तराई-मधेस संरक्षण विकास समिति (गठन) आदेश २०७१ जारी गरिएको थियो।

**विघटन गर्ने दिशामा जानु हुँदैन: पूर्वअध्यक्ष खनाल**

समितिको पहिलो अध्यक्षसमेत रहनुभएका अर्थविज्ञ रामेश्वर खनालले पनि समिति खारेज गर्ने निर्णय गर्नु गलत हुने भन्दै आपत्ति जनाउनुभयो। "समितिमा रहेका व्यक्तिहरूद्वारा योजनाअनुसार काम नभए हटाएर विज्ञलाई नियुक्त गर्न सकिन्छ, तर विघटन गर्ने दिशामा जानु हुँदैन", उहाँले भन्नुभयो, "समितिलाई कानुनी अधिकार दिएर चुरेका महत्व बुझेका विज्ञहरूलाई ल्याउन जरुरी छ।"

पूर्वअध्यक्ष खनालले सही तरिकाले गुरुयोजना कार्यान्वयन गर्नुपर्ने, प्रदेश सरकारको भूमिका बढाउन उनीहरूको पनि प्रतिनिधित्व हुनेगरी पुनःसंरचना गर्न आवश्यक रहेको सुझाव दिनुभयो।

**समिति नै अनविज्ञ**

समिति खारेजीका विषयमा बोर्डका पदाधिकारीसँग कुरा गर्दा यस विषयमा अनविज्ञ भएको प्रतिक्रिया दिएका छन्। बोर्ड अध्यक्ष डा किरण पौडेलले आफूले पनि सञ्चारमाध्यमबाट सोबारे जानकारी पाएको भन्दै समिति खारेजीको विषयमा आधिकारिक जानकारी नभएको बताउनुभयो।

बोर्ड सदस्य कमला ओली शिवाकोटीले प्रधानमन्त्री केपी शर्मा ओलीले समिति खारेजीका बारेमा भइरहेको छलफलका संक्षिप्त जानकारी दिनुभएको भन्दै सोको निर्णय भने भइनसकेको जानकारी दिनुभयो।

**सरोकार भएकाको दुई मत**

समिति खारेजी गर्न हुने वा नहुने भन्ने विषयमा सरोकार भएकाहरूको दुई मत देखिएको छ। सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) का अध्यक्ष ठाकुर भण्डारीले जनताको हितविपरीत समितिले काम गरेको आरोप लगाउँदै खारेजी हुनुपर्ने प्रतिक्रिया दिनुभयो। "चुरेको लगानी बालुवामा पानी भएको छ। समुदायलाई बाहिर राखेर चुरे संरक्षण हुन्छ ?", उहाँले प्रश्न गर्नुभयो।

चुरेविद् बिजय सिंहले समितिमा भएको कमीकमजोरी सच्याएर अगाडि बढ्नुपर्नेमा जोड दिँदै समिति खारेजी गर्न नहुने सुझाव दिनुभयो। "समितिको कमीकमजोरी भएर सरकारले यस्तो निर्णय गर्न लागेको होला। तर त्यो कमीकमजोरी कसरी समाधान गर्ने भनेर लाग्ने हो, खारेज गर्नु विकल्प होइन", उहाँले भन्नुभयो।

चुरे तथा वन जङ्गल संरक्षण अभियान नेपालका राष्ट्रिय संयोजक तथा चुरे अभियन्ता सुनील यादवले समिति खारेजीले चुरे संरक्षणमा असर पुग्ने भन्दै यसको संरचनालाई परिवर्तन गर्न नहुने प्रतिक्रिया दिनुभयो। "राष्ट्रपतिका नामबाट बनेको चुरे समितिले चुरेको संरक्षण गर्दै मधेस र तराईलाई सुरक्षा गरिरहेको छ। समितिमा भ्रष्टाचार भएको छ भने त्यस्ता व्यक्तिलाई कारबाही गर्ने हो, समिति खारेजी गरेर चुरेवासीलाई अन्याय गर्न हुँदैन," उहाँले भन्नुभयो, "समितिलाई थप सशक्त र प्रभावकारी बनाउन आवश्यक छ।"

**संवैधानिक व्यवस्थालाई असर: कानुनविद्**

"वरिष्ठ अधिवक्ता तथा वातावरण कानुनविज्ञ प्रकाशमणि शर्माले चुरे समितिलाई खारेज गर्ने निर्णय भएमा संविधानको धारा ३० मा व्यवस्था भएको स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको हक हनन् भई संवैधानिक व्यवस्थालाई असर पुग्ने बताउनुभयो।

"चुरेको संरक्षण अत्यन्त महत्वपूर्ण भएकाले राष्ट्रपति कार्यक्रमअन्तर्गत राखेर गठन आदेशमार्फत समिति गठन गरिएको थियो। सरकारलाई उक्त समिति खारेज गर्ने अधिकार भए पनि चुरे जस्तो संवेदनशील क्षेत्रको संरक्षण गर्ने अधिकार पाएको समिति खारेज गर्दा चुरेका मुद्दा ओझेलमा पर्छन्। यो न्यायिक हुँदैन। यसले संवैधानिक व्यवस्थालाई असर गर्छ", शर्माले भन्नुभयो। समितिलाई छुट्टै स्वायत्त निकाय बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

# मधेशको समृद्धि: चुरे संरक्षणमा सबैको चासो

महोत्तरी, १५ माघ (रासस)।

मधेशको समृद्धिका लागि चुरे संरक्षणको अपरिहार्यता भएको विज्ञहरूले औँल्याउनुभएको छ।

विशिष्टीकृत अनुसन्धान केन्द्र मधेश प्रदेशले बर्दिबासमा आयोजना गरेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कार्यसूचीअनुसारको दुईदिने 'चुरे संरक्षण र विकाससम्बन्धी प्रशिक्षण' कार्यक्रममा चुरे तथा जलाधारविज्ञहरूले चुरेसँग मधेशको आम जीवन पद्धति नै गाँसिएको हुँदा यसको संरक्षणमा सर्वपक्षीय चासोको आवश्यकता विज्ञले औँल्याउनुभएको हो।

कार्यक्रमको पहिलो दिन सोमबारको सत्रमा मधेश प्रदेशका नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहनप्रसाद साहले ऊर्जा, खानेपानी, वातावरण र सिँचाइसहितका मधेशका जनताको आम जीवनसँग जोडिएका विषय चुरेसँग अन्योन्याश्रित हुँदा यसको संरक्षण पहिलो प्राथमिकता पर्नुपर्ने स्पष्ट पार्नुभयो। यसका लागि व्यक्ति-व्यक्तिमा चुरे चासो जगाउन आवश्यक रहेको डा साहले बताउनुभयो।

यसैगरी, मंगलबार सम्पन्न दुईदिने सो प्रशिक्षण कार्यक्रममा विज्ञ डा नागेन्द्रप्रसाद यादवले चुरे संरक्षणको मुद्दालाई मजबुती साथ उठाउन पहिले समस्याको पहिचान स्पष्ट रूपमा गरिन आवश्यक रहेको औँल्याउनुभयो। चुरेका समस्या दीर्घकालीन समाधान गर्न तीनै तहका सरकार र सम्बद्ध सरोकारवालाले योजनाबद्ध कार्यक्रम बनाएर कार्यान्वयनमा जानुपर्ने डा यादवको सल्लाह छ। चुरे क्षेत्र प्राकृतिक सम्पदाको भण्डार रहेको हुँदा मानव हितमा यिनको उपयोगको स्पष्ट नीति बन्नुपर्ने र सो अनुरुप कार्यान्वयन हुनुपर्नेमा डा यादवको जोड छ।

कार्यक्रममा चुरे तथा जलवायुविज्ञ डा विनोद भट्टले 'चुरे संरक्षण: कसको चासो, कसको जिम्मेवारी' विषय केन्द्रित कार्यपत्र नै प्रस्तुत गरी छलफल चलाउनुभयो। विश्वव्यापी जलवायु परिवर्तनको असरले चुरे वन तथा जलाधार क्षेत्रमा पारेको प्रतिकूल प्रभाव न्यूनीकरण गर्न चुरे संरक्षण र व्यवस्थापनका क्षेत्रमा स्थानीयस्तरमा भएका असल सिकाइका अभ्यासबारे चुरे विज्ञ नागदेव यादवले जानकारीमूलक कार्यपत्र प्रस्तुत गर्नुभयो। यिनमा चुरे शृङ्खलामा भएका खोल्सी नियन्त्रण, पानी पुनर्भरणका पोखरी निर्माण, पहिरो नियन्त्रण र वृक्षरोपणसहितका गतिविधिबारे उल्लेख गरिएको छ।

विज्ञहरूले मधेशमा चुरे संरक्षण विषय प्रायोगिक विज्ञानमा आधारित हुनपर्नेमा जोड दिएका छन्। कार्यक्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नाष्ट) का सचिव डा रवीन्द्रप्रसाद ढकालले प्रतिष्ठान स्थापनाकालयताका ४४ वर्षमा हासिल गरेका उपलब्धि सोझै जनसम्बन्धित बनेका उल्लेख गर्नुभयो। यिनमा ब्रिकेट, सौर्य ऊर्जा, इमेलको प्रयोग, इकोसिस्टम र खाद्यवस्तुको परीक्षण (विकिरण परीक्षण) र मिचाहा वनस्पति व्यवस्थापन मुख्य काम भएका उहाँले बताउनुभयो।

दुईदिने सो प्रशिक्षण कार्यक्रममा 'चुरे संरक्षण नीति, अवस्था, सवाल र समाधानका उपाय' विषयक कार्यपत्र चुरेविज्ञ डा नागेन्द्रप्रसाद यादवले प्रस्तुत गर्नुभयो। दुईदिने प्रशिक्षण कार्यक्रम विशिष्टीकृत अनुसन्धान केन्द्र मधेश प्रदेशको व्यवस्थापन समितिका अध्यक्ष प्राडा पारसनाथ यादवको अध्यक्षतामा सम्पन्न भएको हो।

प्रशिक्षणका सहभागीलाई चुरे संरक्षणका असल अभ्यास भएका केही ठाउँको अवलोकन गराइएको छ। यिनमा बर्दिबास-१ को पानीखोल्सी व्यवस्थापन र गौशाला-८ कुष्माढीको बगरखेतीको अवलोकन सहभागीले गरेका छन्। प्रशिक्षणमा मधेशका आठै जिल्लाका डिभिजन वन कार्यालय र प्रदेशका चारवटा भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख, विभिन्न जिल्लाका सिँचाइ कुलो संरक्षण समिति र सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीसहित ५० जनाको सहभागिता रहेको आयोजक विशिष्टीकृत अनुसन्धान केन्द्र मधेश प्रदेशले जनाएको छ।

# सामाजिक सञ्जाल सञ्चालन, प्रयोग तथा नियमन गर्नेसम्बन्धी विधेयक संसदमा

काठमाडौँ, १५ माघ (रासस)।

'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' संसद्मा दर्ता भएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मंगलबार यो विधेयक राष्ट्रियसभामा दर्ता गरेको हो।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन कानुन आवश्यक रहेको भन्दै सरकारले विधेयक संसद्मा लगेको मन्त्रालयले जनाएको छ।

सूचना प्रविधि क्षेत्रमा भएको विकाससँगै सामाजिक सञ्जालको प्रयोग बढिरहेकाले यसको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन कानुन आवश्यक रहेका कारण विधेयक ल्याइएको मन्त्रालयले जनाएको छ। "सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानुन निर्माण गर्न आवश्यक छ", राष्ट्रियसभामा दर्ता गरिएको विधेयकमा भनिएको छ।

नयाँ कानुन बनाई कार्यान्वयन भएपश्चात् नेपालमा विद्युतीय स्वरूपमा रहेको सूचना सुरक्षा तथा वैयक्तिक विवरणहरूको गोपनीयताको स्तरमा उल्लेखनीय वृद्धि हुने अपेक्षा गरिएको छ। यस्तै, साइबर सुरक्षाको अवस्थामा सुधार, विद्युतीय शासनको अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन हुन कानुनी आधार तय हुने र सूचना प्रविधिसम्बन्धी व्यवसाय व्यवस्थित एवं मर्यादित भई यस क्षेत्रमा वैदेशिक लगानी वृद्धि हुने जनाइएको छ।

प्रस्तावित कानुनमा केही महत्वपूर्ण नयाँ विषयहरू समावेश गर्न खोजिएको छ। जसमा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले अनुमतिपत्र लिनुपर्ने र अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने सर्तहरूलगायत व्यवस्था गरिएका छन्। यस्तै, सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र सामाजिक सञ्जाल प्रयोगकर्तालाई नियमन गर्ने, प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्त, द्रुत प्रतिकार्य समूह गठन र सचेतना कार्यक्रम सञ्चालन र सामाजिक सञ्जाल व्यवस्थापनका लागि संस्थागत व्यवस्थालगायत विषयहरू विधेयकले समेटेको छ। सामाजिक सञ्जालको प्रयोगमार्फत हुने कसुर तथा सजाय, अनुसन्धान, अभियोजन, मुद्दा हेर्ने र पुनरावेदन सुन्नेसम्बन्धी प्रावधानहरू पनि विधेयकमा राखिएका छन्।

सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म वा संस्थाले अनिवार्य रूपमा अनुमति लिनुपर्नेछ। यस्तो अनुमतिपत्रको अवधि दुई वर्षको हुने विधेयकमा उल्लेख छ। सञ्चालन अनुमति नलिएका प्लेटफर्म सञ्चालनमा रोक लगाउने, सर्तहरू पालना नगर्नेको अनुमति रद्द गर्न सक्नेलगायत विषयहरू पनि विधेयकमा छन्। अनुमति नलिई यस्तो प्लेटफर्म चलाएमा रु २५ लाखसम्म जरिवाना हुनसक्ने विधेयकमा उल्लेख छ। सामाजिक सञ्जाल प्लेटफर्महरूको अनुमतिपत्र जारी गर्ने, नवीकरण, अनुगमन तथा निरीक्षण, अनुमति रद्दलगायतका कार्यहरू सूचना प्रविधि विभागमार्फत हुनेछन्।

सामाजिक सञ्जाल प्रयोग गर्दा कसैको मान प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृष्य, तस्बिरको ट्रोल बनाउने, गाली बेइज्जती वा 'हेट स्पीच' मानिने कार्य गर्न पाउने छैनन्।

कुनै व्यक्ति, समूह वा समुदायविरूद्ध हिंसा वा घृणा फैलाउने वा सामाजिक सद्भाव बिगार्ने प्रकृतिका विषयवस्तु सामाजिक सञ्जालमा पोष्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोष्ट, ट्याग, ह्यासट्याग, मेन्सनजस्ता कार्यलाई विधेयकले 'हेट स्पीच' का रूपमा परिभाषित गरेको छ।

सामाजिक सञ्जालमा मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रसार नगर्ने विषय पनि विधेयकमा परेको छ। यस्तै, प्रचलित कानुनले निषेध गरेका वस्तुको विज्ञापन तथा कारोबार गर्न नहुने एवं अन्धविश्वास फैलाउने र जनस्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउने विषयवस्तु प्रसार गर्न नहुने उल्लेख छ। गर्न नहुने भनी तोकिएका यी कार्य कुनै प्रयोगकर्ताले गरेमा रु पाँच लाखसम्म जरिवाना गर्नसक्ने प्रावधान पनि विधेयकमा राखिएको छ।

सामाजिक सञ्जालमा कसैले राष्ट्रहित प्रतिकूल हुने कार्य गरेमा त्यस्तो व्यक्तिलाई पाँच वर्षसम्म कैद वा रु पाँच लाखसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था विधेयकमा राखिएको छ। साइबर बुलिङ गरेमा दुई वर्षसम्म कैद वा रु तीन लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्थासमेत विधेयकमा राखिएको छ। 'साइबर बुलिङ' भन्नाले कसैले इन्टरनेट जडान भएको डिजिटल उपकरणको माध्यमबाट सामाजिक सञ्जालको प्रयोग गरी साइबरस्पेसमा गलत वा हानिकारक वाक्य, शब्द, अक्षर, चिन्ह, चित्र, तस्बिर, स्केच, अडियो, भिडियो, सङ्केत वा सन्देश पठाउने, पोष्ट गर्ने, सेयर गर्ने वा सोही कार्यबाट कसैलाई सताउने, तर्साउने, धम्काउने, लज्जित गराउने, अपमान गर्ने, मानमर्दन गर्ने वा अफवाह फैलाउने गरी आवाजको नक्कल गर्नेजस्ता कार्य सम्झनुपर्छ' भनी विधेयकमा परिभाषित गरिएको छ।

### सबैले देशको ...

उत्साहजनक बातावरण नभएको भन्दै पुनले अहिले सम्म सवा लाख पुस्तक बेचेर ९ करोड़ सम्म रुपैयाँ जम्मा भएको र सो रकम कारखाना सञ्चालनको लागि मेशिन मर्मतमा लगाई सकिएको बताएका छन।

कुल ३ लाख किताब बेच्ने र सोबाट आउने लगभग २२ करोड रुपैयाले कारखाना सूचारु हुने जानकारी दिँदै पुनले कारखानाबाट अहिले प्रारम्भिक चरणमा कृषकहरुलाई बजार भन्दा सस्तो मोलमा आवश्यक पर्ने साना औजारहरुको निर्माण प्रारम्भ भईसकेको बताए।

नेपाल सरकारले २०७९ साल भदौमै राष्ट्रिय अविष्कार केन्द्रसँग बिरगञ्ज कृषि औजार कारखाना सञ्चालनको लागि समझौता गरे पनि अहिले सम्म केही नगरेको तथा संघीय वा प्रदेश सरकार कसैले पनि चासो नदेखाएकै कारण किसानहरुको खुशी र देशको लागी केही गरौं भन्ने भावनाले मैले यो कदम चालेको बताउँदै पुनले सामान्य किसानहरुको उन्नती र प्रगतिको लागि स्थानीय सरकारले पनि उद्योग सञ्चालनमा सहयोगको लागि किताब किनी दिनु पर्ने आवश्यकता रहेको बताए।

कार्यक्रममा अध्यक्षता गर्नु भएकी राजविराज नगर पालिकाका कार्यवाहक नगर प्रमुख ईशरत परवीनले समग्र किसान कै हित हुने उद्देश्य लिएर थालिएको यस कार्यमा आफ्नो पालिकाले पनि सहयोग गर्न पाउँदा खुशी लागेको बताउँदै १ लाख बराबरको किताब राजविराज नगरपालिकाले किनि दिने घोषणा गरिन।

## विश्व समाचार

### टिकटक अधिग्रहण गर्न माइक्रोसफ्ट वार्तामा रहेको ट्रम्पको भनाइ

वासिङ्टन, १५ माघ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार माइक्रोसफ्ट टिकटक अधिग्रहणको वार्तामा रहेको बताउनुभएको छ। यद्यपि अमेरिकामा यस एपको भविष्य अनिश्चित रहेको छ।

टिकटकले अमेरिकी कानूनको सामना गरिरहेको छ। अमेरिकी कानूनले कम्पनीलाई आफ्नो चिनियाँ मालिक बाइटडान्सबाट अलग गर्न वा संयुक्त राज्य अमेरिकामा प्रतिबन्धित हुन आदेश दिएको छ।

सोमबार राति माइक्रोसफ्ट टिकटक अधिग्रहणको वार्तामा छ कि भनेर सोधिएको प्रश्नमा ट्रम्पले एयर फोर्स वनमा पत्रकारहरूलाई भन्नुभयो, "म हो भन्छु, टिकटकमा धेरै चासो छ, टिकटकमा ठूलो रुचि छ।"

उहाँले एउटा 'बोलकबोल युद्ध' पनि राम्रो विकास हुने टिप्पणी गर्नुभयो। चिनियाँ सरकारले अमेरिकीहरूको जासुसी गर्न वा अमेरिकी जनमतलाई गोप्य रूपमा प्रभाव पार्न सक्ने चिन्ताका कारण भिडियो-सेयरिङ प्लेटफर्ममाथि प्रतिबन्ध लगाउने कानून जनवरी १९ देखि लागु भएको थियो।

तर ट्रम्पले बेइजिङसँग समाधान खोज्दै यसको कार्यान्वयन अढाई महिनाका लागि स्थगित गर्नुभएको छ। सिएफआरए रिसर्चका एन्जेलो जिनोका अनुसार माइक्रोसफ्ट सम्भावित खरिदकर्ताहरू मध्ये एक हो जसको टिकटकमा लगानी गर्ने कारण हुनेछ।

माइक्रोसफ्टको 'डिजिटल विज्ञापन क्षेत्रमा अझ बढी स्थापित हुने इच्छा रहेको' उहाँ विश्वास गर्नुहुन्छ। कानूनको म्याद नजिकिँदै गर्दा टिकटक संयुक्त राज्य अमेरिकामा अस्थायी रूपमा बन्द भएको थियो।

त्यसपछि ट्रम्पले पद सम्हाल्ने बित्तिकै 'सम्झौता गर्न' समय दिन प्रतिबन्धलाई बिलम्ब गर्न कार्यकारी आदेश जारी गर्ने वाचा गर्नुभयो। त्यसपछि ट्रम्पलाई श्रेय दिँदै टिकटकले देशमा सेवा पुनर्स्थापित गऱ्यो। यद्यपि बाहिरिँदै गरेको बाइडेन प्रशासनले पहिले नै कुनै प्रतिबन्ध लागू नगर्ने बताएको थियो।

आफ्नो पहिलो ह्वाइट हाउस कार्यकालमा ट्रम्पले राष्ट्रिय सुरक्षाको चिन्ताका कारण संयुक्त राज्य अमेरिकामा टिकटक प्रतिबन्ध गर्ने प्रयास गर्नुभएको थियो।

### ट्रम्पको आपराधिक मामिलामा काम गर्ने अभियोजकहरू बर्खास्त

वासिङ्टन, १५ माघ (रासस/एएनआई)।

अमेरिकी न्याय विभाग (डिओजे) ले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आपराधिक अनुसन्धानमा काम गर्ने केही अभियोजकहरूलाई बर्खास्त गरेको सिएनएनले यस मामिलासँग परिचित स्रोतहरूलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ।

कार्यवाहक महान्यायाधिवक्ता जेम्स म्याकहेनरीले अधिकारीहरूलाई लेखेको पत्रमा उनीहरूलाई ट्रम्पको एजेन्डा 'विश्वासपूर्वक' कार्यान्वयन गर्न 'विश्वास' गर्न नसकिने बताउनुभएको छ।

उहाँले यी अधिकारीहरूले ट्रम्पको अभियोजनमा 'महत्त्वपूर्ण भूमिका' खेलेको र सरकारको उचित कार्यप्रणाली वरिष्ठ अधिकारीहरूले आफ्ना अधीनस्थहरूमा राखेको विश्वासमा निर्भर रहेको कुरामा जोड दिनुभयो।

"तपाईंले राष्ट्रपति ट्रम्पमाथि मुद्दा चलाउन महत्त्वपूर्ण भूमिका खेल्नुभयो। सरकारको उचित कार्यप्रणाली गम्भीर रूपमा उच्च अधिकारीहरूले आफ्ना अधीनस्थहरूमा राखेको विश्वासमा निर्भर गर्दछ", म्याकहेनरीले लेख्नुभएको छ, "राष्ट्रपतिको अभियोजनमा तपाईंको महत्त्वपूर्ण भूमिकालाई मध्यनजर गर्दै विभागको नेतृत्वले तपाईंलाई राष्ट्रपतिको एजेन्डा विश्वासपूर्वक कार्यान्वयन गर्न सहयोग गर्न विश्वास गर्न सक्दैन भन्ने मलाई लाग्छ।"

यो कदम ट्रम्प प्रशासनले जनवरी ६ का प्रतिवादीहरू विरुद्धको आपराधिक मामिलाहरूको निरीक्षण गरेका अभियोजकहरूको अनुसन्धान गर्न कदम चालिरहेको बेला आएको हो। ट्रम्पले आफ्नो अभियानको प्रमुख प्रतिज्ञाका रूपमा बदला लिने घोषणा गरेपछि यो कदम चालिएको हो।

वासिङ्टन डिसीका अन्तरिम अमेरिकी वकिल एड मार्टिनले गत गर्मीमा सर्वोच्च अदालतको निर्णयका कारण खारेज भएका केही दङ्गाकारी विरुद्ध युएस कोड १५१२(सी) अन्तर्गत अवरोध आरोप लगाएका अभियोजकहरूको अनुसन्धान सुरु गर्नुभएको छ।

यस प्रयासलाई 'विशेष परियोजना' भन्दै मार्टिनले सोमबार जारी गरेको मेमोमा अभियोजकहरूले '१५१२ आरोपहरूको प्रयोगसँग सम्बन्धित सबै जानकारी, सबै फाइल, कागजात, नोट, इमेल र अन्य जानकारी' कार्यालयका दुई दीर्घकालीन अभियोजकहरूलाई दिनुपर्ने उल्लेख गर्नुभएको छ। उनीहरूले शुक्रबारसम्म अनुसन्धानको प्रतिवेदन पेश गर्नुपर्नेछ।

मेमोमा लेखिएको छ, "स्पष्ट रूपमा प्रयोग हाम्रो कार्यालय-एसटी निर्णयको ठूलो असफलता थियो र हामी यसको तहसम्म पुग्न आवश्यक छ।" यसले जुनमा भएको सर्वोच्च अदालतको निर्णयलाई उल्लेख गरेको छ जसले जनवरी ६ का दङ्गाकारीहरू विरुद्ध अवरोध आरोप लगाउन सङ्घीय अभियोजकहरूको शक्तिलाई सीमित गरेको थियो।

यो निर्णय अमेरिकी न्याय विभागले पहिले नै उच्च-प्रोफाइल अनुसन्धानसँग सम्बन्धित अधिकारीहरूको पुनर्नियुक्ति गरिसकेको बेला आएको हो। यसमा सन् २०२० को राष्ट्रपतीय चुनाव उल्टाउने प्रयासका लागि ट्रम्प विरुद्धको अहिले खारेज भएको मुद्दा पनि समावेश छ।

जनवरी ६ का मामिलाहरूमा काम गर्ने अभियोजकहरूले मेमोले अमेरिकी न्याय विभागले 'अनुसन्धानकर्ताहरूको अनुसन्धान' गर्न थालेको बताएका छन्। यसलाई ट्रम्पले लामो समयदेखि धम्की दिनुभएको छ।

क्यापिटल दङ्गाका मुद्दाहरूमा काम गरेका एक व्यक्तिले सिएनएनलाई अभियोजकहरूलाई यो अनुसन्धानले आपराधिक वा नागरिक आरोपहरू लगाउन खोजिरहेको छ कि छैन भन्ने थाहा नभएको र केहीले आफ्नो बचाउका लागि आफ्नै वकिल राख्न थालेको बताए।

गत हप्ता पदभार सम्हालेदेखि नै एड मार्टिनले जनवरी ६ का प्रतिवादीहरूलाई सामूहिक माफी दिएकोमा ट्रम्पको प्रशंसा गर्नुभएको छ।

# सरकारले निजी मेडिकल कलेजका आवासीय चिकित्सकको निर्वाह भत्ता तोक्यो

काठमाडौँ, १५ माघ (रासस)।
सरकारले निजी मेडिकल कलेजमा स्नातकोत्तर तहमा अध्ययन गर्ने आवासीय चिकित्सकले अब निर्वाह भत्ता उपलब्ध गराउन निर्णय गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई र स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले सोमबार राति संयुक्त हस्ताक्षर गरी सार्वजनिक गर्नुभएको निर्णयमा निजी मेडिकल कलेजमा अध्ययन गर्ने स्नातकोत्तर तहका आवासीय चिकित्सकलाई दिइने निर्वाह भत्ताको व्यवस्था गरिएको हो। उहाँहरूले आवासीय चिकित्सकलाई निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गर्दै सम्बन्धित निकायलाई लेखी पठाउने निर्णय गर्नुभएको छ। जसअनुसार निजी मेडिकल कलेजमा अध्ययन गर्ने स्नातकोत्तर तहका आवासीय चिकित्सकलाई पहिलो वर्ष कम्तीमा रु २५ हजार, दोस्रो वर्ष कम्तीमा रु ३० हजार र तेस्रो वर्ष कम्तीमा रु ३५ हजारका दरले निर्वाह भत्ता उपलब्ध गराउने निर्णय गरिएको छ। यो व्यवस्था शैक्षिक सत्र २०८१/८२ देखि नै लागू हुने उल्लेख छ।

प्रधानमन्त्री एवं चिकित्सा शिक्षा आयोगका अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा गत मङ्सिर ९ गते बसेको चिकित्सा शिक्षा आयोगको पन्ध्रौँ बैठकले निजी लगानीका मेडिकल कलेजले प्रदान गर्ने निर्वाह भत्तासम्बन्धी समस्या समाधान गर्ने जिम्मेवारी शिक्षा र स्वास्थ्यमन्त्रीलाई दिएको थियो। सोही अनुसार विभिन्न सरोकारवालासँग पटक पटक भएको छलफलका आधारमा यो निर्णय गरिएको मन्त्रीद्वयले हस्ताक्षर गरेको निर्णयमा उल्लेख छ।

त्यसैगरी, निजी मेडिकल कलेजले शैक्षिक सत्र २०८१/८२ देखि स्नातकोत्तर तहमा अध्ययन गर्न आवासीय चिकित्सकलाई स्वास्थ्य मन्त्रालयको छात्रवृत्ति निर्देशिकाअनुसार निर्वाह भत्ता प्रदान गर्ने र निःशुल्क अध्ययन गर्न चाहने आवासीय चिकित्सकलाई अध्ययनपश्चात् दुई वर्ष सोही शिक्षण संस्थामा कबुलियतनामा गरी सेवा गर्ने व्यवस्था मिलाउन सरकारले आवश्यक कानुनी प्रबन्ध गर्ने निर्णय गरिएको छ।

निजी मेडिकल कलेजले स्नातकोत्तर तहमा अध्ययन गर्ने आवासीय चिकित्सकलाई विश्वविद्यालय, नेपाल मेडिकल काउन्सिल एवं प्रचलित श्रमसम्बन्धी कानुनबमोजिम मर्यादित सेवासुविधा उपलब्ध गराउनुपर्ने निर्णयमा भनिएको छ।

# स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन गर्न स्वास्थ्य संस्थालाई थप चुस्त बनाइँदै

काठमाडौँ, १५ माघ (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइले विपद् तथा स्वास्थ्य आपत्कालीन अवस्थामा चिकित्सकीय सेवालाई चुस्त बनाउन अस्पताल र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्न उच्च प्राथमिकता दिएको छ।

स्वास्थ्य आपत्कालीन तथा विपद् व्यवस्थापनका क्रममा स्वास्थ्य सेवामा कसरी एकरुपता ल्याउने भन्ने ध्येयले सञ्चालित सो तालिम सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका ४४ स्याटेलाइट र २५ हब अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीलाई प्रदान गरिसकिएको छ। यही हप्ता गण्डकी र बागमती प्रदेशका १८ अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीको तालिम सम्पन्न गर्ने लक्ष्य मन्त्रालयले लिएको छ।

विसं २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र कोभिड-१९ महामारी तथा २०८० साल कात्तिक १७ को जाजरकोट भूकम्पमा नेपालको स्वास्थ्य प्रणालीले प्रदान गरेका सेवा सराहनीय रहेको जनाइएको छ। यो सिकाइ विश्वका लागि पनि सिकाइ भइरहेकाले विश्व स्वास्थ्य सङ्गठनले अन्यत्र पनि कार्यान्वयमा ल्याएको छ। मन्त्रालयले द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालनसम्बन्धी निर्देशिका, २०७९ जारी गरिसकेको छ। यही निर्देशिका अनुसार मन्त्रालयले अस्पताललाई हब र स्याटेलाइटमा वर्गीकरणसमेत गरेको छ।

नेपालको कुनै पनि स्थानमा स्वास्थ्य आपत्कालीन अवस्था र विपद् आएको खण्डमा समयमै रोगको पहिचान, रोकथाम र उपचार गरी रोग र मृत्युदरलाई कम गर्न तालिमप्राप्त चिकित्सक र स्वास्थ्यकर्मीको परिचालन गर्न सहयोग पुर्‍याउने द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूहमार्फत काम गरेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो।

विश्व स्वास्थ्य सङ्गठनको आर्थिक एवं प्राविधिक सहयोगमा मन्त्रालयले उक्त तालिम सञ्चालन गरिरहेको हो। विपद् तथा स्वास्थ्य आपत्कालीन अवस्थामा अस्पतालमा कार्यरत जनशक्तिको परिचालन, जिम्मेवारी, अस्पतालको सेवालाई कसरी चुस्त बनाउने भन्ने उद्देश्यले आयोजित तालिमलाई उच्च प्राथमिकता दिएको उहाँले बताउनुभयो।

यसक्रममा सशस्त्र प्रहरी बल अस्पताल, नेपाल प्रहरी अस्पताल, ट्रमा सेन्टर, हेटौँडा अस्पताल, गोरखा अस्पताल र जिपी कोइराला श्वासप्रश्वास अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीका लागि आयोजित तालिम सोमबार सम्पन्न भएको छ। तालिममा डा नवीन फुयाँल, डा विज्ञान प्रजापति, डा मनिसा सेन, डा अमित सिंह, डा गौरव देवकोटा र डा सविता पौडेलले सहजीकरण गर्नुभएको थियो।

तालिम समापनका अवसरमा आपत्कालीन तथा विपद् व्यवस्थापन एकाइ प्रमुख डा बुढाथोकीले जनस्वास्थ्य आपत्कालको व्यवस्थापन गर्नका लागि विषयगत समितिबाट निर्देशिका जारी गर्न सहमति दिइसकेको जानकारी दिनुभयो।

# 'नेपाल र भारतबीच सद्भाव र आत्मीयता छ'

धनुषा, १५ माघ (रासस)।
मधेस प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपाल र भारतबीच सद्भाव र आत्मीयतापूर्ण सम्बन्ध रहेको ताउनुभएको छ।

भारतको ७६औँ गणतन्त्र दिवसका अवसरमा सोमबार वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले आयोजना गरेको कार्यक्रममा उहाँले दुई देशबीच कूटनीतिक, धार्मिक, भाषिक, सांस्कृतिक र व्यापारिक सम्बन्ध रहेको बताउनुभयो। उहाँले भारतको शान्ति, समृद्धि र प्रगतिको कामना गर्दै पछिल्लो समय नेपाल र भारतबीचको सम्बन्ध थप सुदृढ हुँदै गएको विश्वास व्यक्त गर्नुभयो।

मधेस प्रदेशसभाका सभामुख रामचन्द्र मण्डलले भारतको स्वतन्त्रता सङ्ग्राममा नेपालीहरूको महत्वपूर्ण योगदान रहेको भन्दै नेपाल-भारत सम्बन्ध अझ प्रगाढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो।

भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत देवीसहाय मीनाले नेपालमा पूर्वाधार विकास निर्माण, व्यापारलगायत विभिन्न क्षेत्रमा भारतीय सरकारको निरन्तर सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी, शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी, वन तथा वातावरणमन्त्री त्रिभुवन साह, ऊर्जा तथा खानेपानीमन्त्री शेषनारायण यादव, पूर्वप्रदेश प्रमुख हरिशङ्कर मिश्र, पूर्वमुख्यमन्त्री लालबाबु राउत, प्रदेशसभा सदस्यहरू, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह र जनकपुरधामका पूर्वप्रमुख बजरङ्गप्रसाद साहलगायतको उपस्थिति थियो।

## विवाह दर्ता...

यस विषयमा नन्द मरियम विरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी समेत दिएको बताउँदै उनले जाहेरी मार्फत घरमा चोरी गर्ने तथा आफुलाई तलाक सम्मको अवस्थामा पुर्‍याउने माथी कारवाही हुनु पर्ने माग समेत गरेकी छिन्।

डेढ वर्षिय छोरा फैजान र ५८ वर्षिया आमा नजिरासँगै न्याय खोज्दै यहाँ आइपुगेकी सनिजाले विवाह भएपछि विवाह दर्ता र सन्तान जन्मेपछी जन्मदर्ता गराईदिन माग गर्नु स्वभाविक भए पनि पति र नन्दले यसलाई अपराध गरे जस्तै लिएको गुनासो गरिन्।

भारतको विहार राज्य कुनौली ग्रामपञ्चायत डंगमारा माइती भएकी सनिजाको २०७८ साल चैत्र ८ गते मो. आकुवसंग मुस्लिम धर्म परम्परा अनुसार मौलानाको उपस्थितीमा विवाह (निकाहनामा) सम्पन्न भएको थियो। छोरीको विवाहमा आफुले १५ लाख रुपैया खर्चेको आमा नजिराले सुनाईन।

नन्द मरियम कै कारण तलाक समेत दिएर छोरीलाई सम्बन्ध विच्छेदको अवस्था पुऱ्याइएको छ, अब कति हिंसा सहनु ? आमा नजिराले पत्रकारहरुसंग पीडा पोखिन।

छोरी सनिजासँग अन्याय भएको भनेर ब्रहमपुर टोलका मुश्लिम समुदायका अगुवाहरुले साथ दिइरहेपनि हिंसा गर्ने नन्दमाथी अहिलेसम्म कुनै कारवाही भने नभएको आमा नजिराको गुनासो छ।

हिंसा र तलाकको कुरा आएपछी आफूले सप्तरी जिल्ला अदालतमा अंश र मानाचामल मुद्दा हालेको सनिजाले बताएकी छिन्। उनले पतिले दिएको तलाकनामा फिर्ता र उनीसँगै सुरक्षितसाथ बस्ने वातावरण बनाइदिने समेत सबैसँग आग्रह गरेकी छिन्।

उक्त प्रकरण बारे प्रहरीमा जिज्ञासा राख्दा प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले दुबै पक्षलाई भिकाई समस्या समाधानको प्रयास थालिएको जनाएका छन्।

## मेलमिलाप मार्फत ...

उक्त मुद्दालाई उच्च अदालत जनकपुर-राजविराज इजलाशले मेलमिलाप केन्द्रमार्फत टुंग्याएपछी मुख्य न्यायाधिश ज्ञवालीले उक्त कार्यमा सहजकर्ताको भूमिका निर्वाह गरेकाहरुका साथै दुबै पक्षलाई फुलमाला, खादा र टिका लगाएर सम्मान समेत गरे।

यसरी मुद्दा मेलमिलापबाट टुंग्याइएपछी अदालत परिसरमै पक्ष र विपक्ष दुबै पक्ष अंकमाल गर्दै खुशी साटासाट गरेका थिए।

चालु आ.व. २०८१/८२ मा आएको मुद्दा मध्ये १ सय ३७ वटा मुद्दा मेलमिलाप केन्द्रमा पठाइएको थियो। जसमध्ये मंगलबार पहिलो मुद्दाको टुंगो लागेको रजिष्टार लोकनाथ पराजुलीले जानकारी दिए।

# प्रेस सेन्टरको स्थापना दिवसमा दलित समुदायका विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान

**दैनिक समाचारदाता**
**राजविराज, १५ माघ।**
प्रेस सेन्टर नेपालको २१ औं स्थापना दिवसको अवसरमा मंगलवार दलित समुदायका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ।



राजविराज नगरपालिका वडा नं. ९ का ४० जना विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको हो।

दलित समुदायका बालबालिकाहरुलाई कापी, कलम लगायतका शैक्षिक सामग्री वितरण गरिएको सेन्टरका सप्तरीका अध्यक्ष विन्दु कुमार यादवले जानकारी दिए।

सेन्टरका जिल्ला अध्यक्ष यादवको अध्यक्षतामा आयोजित शैक्षिक सामग्री वितरण कार्यक्रममा स्थानीय समाजसेवी सन्जु सिंह, महेन्द्र विन्देश्वरी क्याम्पसका अध्यापक चन्देश्वर यादव, सेन्टरका उपाध्यक्ष कमानन्द माझी, महेन्द्र मण्डल, मनोज कुमार यादव, पत्रकार रामनाथ यादव, अस्थायी प्रहरी पोष्ट खर्साल टोलका वरिष्ठ प्रहरी हवलदार ललित चौरसिया लगायतका व्यक्तिहरुको सहभागीता रहेको थियो।

यस्तै स्थापना दिवसकै अवसरमा राजविराजस्थित दशन चौकमा मैनवती प्रज्जवलन गरिएको छ। सो अवसरमा राजविराज नगरपालिका वडा नं. ८ को वडा अध्यक्ष जयनारायण मण्डल, सेन्टरका निवर्तमान अध्यक्ष दिनानाथ यादव, उपाध्यक्ष कमानन्द माझी, मनोज यादव लगायतको सहभागिता थियो।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो याममा समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np